# अन्नपूर्ण गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी

गण्डकी प्रदेश, नेपाल


प.सः ०७९/०८०

च.नं

**दोस्रो पटक प्रकाशित मिति २०७९।११।२८**

## अन्नपुर्ण गाउँपालिकाको प्रशासनिक भवनको लागि जग्गा प्राप्तीको सम्बन्धी सुचना ।

यस अन्नपुर्ण गाउँपालिका म्याग्दीको प्रशासनिक कार्यको लागि अन्नपुर्ण गाउँपालिका वडा नं. ६ स्थित पोखरेवगरमा व्यक्तिगत घर भाँडामा लिई कार्य सञ्चालन भइरहेको व्यहोरा सर्वविधितै छ। अन्नपुर्ण गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९।०९।२६ को बैठकको निर्णयानुसार यस गाउँपालिकाको प्रशासनिक भवन् निर्माणको लागि तपशिल बमोजिमको मापदण्ड पुगेको जग्गा निशुल्क प्राप्त गर्नुपर्ने भएकोले इच्छुक जग्गादाताहरुबाट प्रथम पटक कुनै निवेदन पेश हुन नआएकोले यो दोस्रो सुचना प्रकाशित भएको छ। प्रकाशित मितिले १५ दिन ( पन्ध्र दिन ) भित्र जग्गा धनी पूर्जाको प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, मञ्जुरीनामा पत्र संलग्न गरी यस गाउँपालिकाको कार्यालयमा रितपुर्वक निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**मापदण्डहरुः**

१. पोखरेवगर क्षेत्रभित्र उत्तरमा घारखोला, दक्षिणमा म्याग्दी हाइड्रोपावरको पावर हाउस, पश्चिममा कालीगण्डकी नदि र पूर्वमा गोजे ( पानी ट्याङ्की ) क्षेत्र भित्र।

२. जग्गा एक सगोलमा कम्तिमा ५ रोपनी हुनुपर्ने।

३. भविष्यमा गाउँपालिकालाई आवश्यकता अनुसार क्षेत्र विस्तार गर्न सकिने खुला ठाउँ हुनुपर्ने।

४. भौगोलिक, प्रशासनिक, वातावरणिय र प्राविधिक रुपले उपयुक्त हुने।

२०७९।११।२८

..................

हरिकृष्ण आचार्य

नि. प्रमुख प्रशासकीय अधिकृत


web:http://www.annapurnamunmyagdi.gov.np Email Address: ito.annamun@gmail.com/९८५७६८३८१०